# प्रदेश राजपत्र

प्रदेश नं. १, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) विराटनगर, नेपाल, कार्तिक १४ गते, २०७८ साल (अतिरिक्ताङ्क १७

## भाग २

प्रदेश सरकार

प्रदेश नं. १, विराटनगर, नेपाल

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

### <u>प्रदेश निर्वाचन क्षेत्र विशेष कार्यक्रम (सञ्चालन) (प्रथम संशोधन) नियमावली, २०७८</u>

प्रदेश निर्वाचन क्षेत्र विशेष कार्यक्रम (सञ्चालन) नियमावली, २०७८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

आन्तरिक मामिला तथा कानून ... प्रदेश नं. १

प्रदेश नं. १ प्रदेश सरकार (मन्त्रिपरिषद्) ले यो नियमावली बनाएको छ।

१. <u>संक्षिप्त, नाम र प्रारम्भ</u>: (१) यो नियमावलीको नाम **"प्रदेश निर्वाचन क्षेत्र विशेष कार्यक्रम (सञ्चालन) (प्रथम संशोधन) नियमावली, २०७८"** रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>नियम २ मा संशोधन:</u> प्रदेश निर्वाचन क्षेत्र विशेष कार्यक्रम (सञ्चालन) नियमावली, २०७८ (यस पछि मूल नियमावली भनिएको) को नियम २ को खण्ड (घ) पछि देहायको खण्ड (घ१) थप गरिएको छः-

"(घ१) **"प्रदेश"** भन्नाले प्रदेश नं. १ सम्झनु पर्छ।"

३. <u>नियम ३ मा संशोधन:</u> (१) मूल नियमावलीको नियम ३ मा रहेको "जिल्लाको" भन्ने शब्द हटाईएको छ।

४. <u>नियम ४ मा संशोधन:</u> (१) मूल नियमावलीको नियम ४ को उपनियम (१) मा रहेको "विनियोजन गरेको रकम" भन्ने शब्दावली पछि "र कार्यक्रम कार्यान्वयन गर्ने कार्यालय वा स्थानीय तह" भन्ने शब्दावली थप गरिएको छ र अङ्कमा रहेको "७" को सट्टा "सात" भन्ने शब्द राखिएको छ।

(२) मूल नियमावलीको नियम ४ को उपनियम (३) मा रहेको "तोकी" भन्ने शब्दको सट्टा "समेत उल्लेख गरी" भन्ने शब्दावली राखिएका छन्।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(३) मूल नियमावलीको नियम ४ को उपनियम (६) मा रहेको "यकिन गरी सम्बन्धित कार्यालय" भन्ने शब्दावली पछि "वा स्थानीय तहबाट" भन्ने शब्दावली थप गरिएको छ।

५. <u>नियम ६ मा संशोधनः</u> (१) मूल नियमावलीको नियम ६ को खण्ड (ख) मा रहेको "निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम सञ्चालन नियमावली, २०७८" भन्ने शब्दावलीको सट्टा "निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम (सञ्चालन) नियमावली, २०७८" भन्ने शब्दावली राखिएको छ।

(२) मूल नियमावलीको नियम ६ को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) आफु निर्वाचित भएको निर्वाचन क्षेत्र वा आफुले रोजेको निर्वाचन क्षेत्र बाहिरको कार्यक्रम छनौट गर्न नहुने,"

(३) मूल नियमावलीको नियम ६ को खण्ड (घ) मा रहेको "आफ्नो निर्वाचन क्षेत्र वा जिल्लाका" भन्ने शब्दावली हटाईएको छ।

६. <u>नियम ७ मा संशोधनः</u> (१) मूल नियमावलीको नियम ७ को उपनियम (१) र (२) को सट्टा देहायको उपनियम (१) र (२) राखिएको छः-

"(१) यस नियमावली बमोजिम छनौट भई आएको कार्यक्रम कार्यालय वा सम्बन्धित स्थानीय तह मार्फत् सञ्चालन गर्न सकिनेछ।

(२) उपनियम (१) वमोजिम छनौट भई आएका कार्यक्रम सञ्चालन तथा कार्यान्वयन गर्नु सम्बन्धित कार्यालय वा स्थानीय तहको कर्तव्य हुनेछ।"

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं.

७. <u>नियम ८ मा संशोधनः</u> (१) मूल नियमावलीको नियम ८ को उपनियम (२) मा रहेको “कार्यालय” भन्ने शब्द पछि “वा स्थानीय तह” भन्ने शब्दावली थप गरिएको छ।

(२) मूल नियमावलीको नियम ८ को उपनियम (३) मा रहेको “स्थानीय तहको सञ्चित कोषमा जम्मा हुने गरी” भन्ने शब्दावलीको सट्टा “स्थानीय तहमा सशर्त अनुदानको रुपमा” भन्ने शब्दावली राखिएको छ।

८. <u>नियम १० मा संशोधनः</u> (१) मूल नियमावलीको नियम १० को उपनियम (४) मा रहेको “प्रमुख तथा” भन्ने शब्दावलीको सट्टा “वा” भन्ने शब्द राखिएको छ।

९. <u>नियम ११ मा संशोधनः</u> (१) मूल नियमावलीको नियम ११ को उपनियम (१) र (३) मा रहेको “तथा” भन्ने शब्दहरुको सट्टा “वा” भन्ने शब्द राखिएको छ।

१०. <u>नियम १२ मा संशोधनः</u> (१) मूल नियमावलीको नियम १२ को उपनियम (१) मा रहेको “तथा” भन्ने शब्दको सट्टा “वा” भन्ने शब्द राखिएको छ।

(२) मूल नियमावलीको नियम १२ को उपनियम (२) र (४) को सट्टा देहायको उपनियम (२) र (४) राखिएको छः-

“(२) उपनियम (१) बमोजिमको विवरण प्राप्त भएमा सम्बन्धित कार्यालय वा स्थानीय तहले जाँचपासको लागि प्राविधिक

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

कर्मचारी खटाई सम्पन्न भएका कामको सम्बन्धमा प्रतिवेदन पेश गर्न लगाउनु पर्नेछ।

(४) उपनियम (३) बमोजिमको प्रतिवेदनबाट लागत इष्टमेट अनुसार गुणस्तरीय काम भएको भन्ने देखिन आएमा र यस नियमावली बमोजिमको प्रकृया पूरा भएको अवस्थामा कार्यालय वा स्थानीय तहले प्रचलित कानून बमोजिम त्यस्तो कामको हिसाब फरफारक गरी सोको विवरण तत्काल सार्वजनिक गर्नु पर्नेछ।"

११. <u>नियम १३ मा संशोधनः</u> (१) मूल नियमावलीको नियम १३ को उपनियम (१) को खण्ड (ख) मा रहेको "कार्यालयलाई" भन्ने शब्दको सट्टा "कार्यालय वा स्थानीय तहलाई" भन्ने शब्दावली राखिएको छ।

(२) मूल नियमावलीको नियम १३ को उपनियम (२), (३) र (४) को सट्टा देहायको उपनियम (२), (३) र (४) राखिएको छः-

"(२) उपनियम (१) को खण्ड (क) र (ग) बमोजिमको कन्टेन्जेन्सी रकम सम्बन्धित जिल्ला समन्वय समितिमा पठाइनेछ। सो बमोजिमको कन्टेन्जेन्सी रकम प्रचलित कानून बमोजिम खर्च गर्न सकिनेछ।

(३) उपनियम )१ (को खण्ड (ख) बमोजिमको कन्टेन्जेन्सी रकम कार्यक्रम कार्यान्वयन गर्ने कार्यालय वा स्थानीय तहमा पठाइनेछ। सो बमोजिमको कन्टेन्जेन्सी रकम प्रचलित कानून बमोजिम खर्च गर्न सकिनेछ।

(४) उपनियम (१) को खण्ड (ग) बमोजिमको प्रतिनिधिले आफूले सम्पादन गरेको कामको प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. ५

भएको तीस दिनभित्र कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धित कार्यालय वा स्थानीय तह र मन्त्रालयमा पेश गर्नु पर्नेछ।"

१२. <u>मूल नियमावलीमा संशोधनः</u> (१) मूल नियमावलीको नियम १४, १५ र १६ मा रहेका "तथा" भन्ने शब्दहरुको सट्टा "वा" भन्ने शब्दहरु राखिएको छ।

१३. <u>अनुसूची-१ मा संशोधनः</u> (१) मूल नियमावलीको अनुसूची-१ को सट्टा देहायको अनुसूची-१ राखिएको छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

## "अनुसूची-१

(नियम ४ सँग सम्बन्धित)

श्री जिल्ला समन्वय समिति, ....................

प्रदेश निर्वाचन क्षेत्र विशेष कार्यक्रम अन्तर्गत प्रदेश सभा सदस्यले पचास लाख रुपैयाँसम्मको कार्यक्रम छनौट गर्ने व्यवस्था प्रदेश निर्वाचन क्षेत्र विशेष कार्यक्रम (सञ्चालन) नियमावली, २०७८ बमोजिम आर्थिक वर्ष ....../.... को लागि देहायका कार्यक्रम पेश गरेको छु।

जिल्ला: प्रदेश निर्वाचन क्षेत्र: आर्थिक वर्ष:

| क्र.सं. | आयोजनाको नाम | कार्यक्रम कार्यान्वयन गर्ने कार्यालय वा स्थानीय तह | कार्यक्रम सञ्चालन हुने | | | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | स्थानीय तहको नाम | टोल | वडा नं. | | |
| १ | | | .... पालिका | | | | |
| २ | | | .... पालिका | | | | |
| ३ | | | .... पालिका | | | | |
| ४ | | | .... पालिका | | | | |
| ५ | | | .... पालिका | | | | |
| ६ | | | .... पालिका | | | | |
| ७ | | | .... पालिका | | | | |
| | | | | | **जम्मा** | | |

हस्ताक्षर:

नाम:

प्रदेश सभा सदस्य"

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

स्वीकृत मितिः- २०७८/०७/१४

आज्ञाले,
किशोर कुमार चौधरी
प्रदेश सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १, विराटनगरमा मुद्रित।
**website:- moial.p1.gov.np**